**मिति २०८१/०९/१९ गतेको गाउँ कार्यपालिकाको ६ औं बैठकमा पेश भएका प्रस्तावहरु र निर्णयहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | सेवा प्रवाह प्रभावकारिता समिक्षा सम्बन्धमा । | |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सुझाव कार्यान्वयन सम्बन्धमा । | |
| ४. | भगवतीमाई गाउँपालिका कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| ५. | भगवतीमाई गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८१ छलफल तथा स्वीकृति सम्बन्धमा । | |
| ६. | यस गाउँपालिकाबाट अन्य स्थानीय तहमा कामकाजमा रहेका कर्मचारीको पदस्थापना सहमति सम्बन्धमा । | |
| ७. | सरस्वती आ.वि. सिडार भवन निर्माण अपुग रकमको स्रोत सुनिश्चितता सम्बन्धमा । | |
| ८. | गाउँपालिकाको सभाहल निर्माण कार्यमा अपुग रकम सुनिश्चितता सम्बन्धमा । | |
| ९. | मर्मत सम्भार कोषको लागि अपुग रकम सुनिश्चितता सम्बन्धमा । | |
| १०. | करार कर्मचारीको म्याद थप सम्बन्धमा । | |
| ११. | कर्मचारी सेवा सुविधा सम्बन्धमा । | |
| १२. | गाउँसभाको १६ औं अधिवेशन आह्वान सम्बन्धमा । | |
| १३. | गत आ.व. २०८०/०८१ मा भगवतीमाई आधारभूत अस्पतालको लागि औषधी तथा मेडिकल उपकरणको दायित्व भुक्तानी सम्बन्धमा । | |
| १४. | अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा । | |
| १५. | समसामयिक विषयमा छलफल । | |

**मिति २०८१/०८/२६ गतेको गाउँ कार्यपालिकाको छैटौं बैठकबाट भएका निर्णयहरु:**

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो । साथै दोस्रो आवधिक योजना कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

२. यस भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गतका सार्वजनिक नियकायहरुबाट भए गरेका सार्वजनिक सेवा प्रवाह सम्बन्धमा छलफल गरियो र सेवाप्रवाहलाई प्रभावकारी बनाउन निर्देशन गर्ने ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका देहाय सुझाव कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

क. च.नं. २३६४८ मिति २०८१/०८/०४ गतेको पत्र साथ सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्थाहरुको प्रावधान विपरीत सार्वजनिक निकायहरुबाट खुल्ला रुपमा प्रतिस्पर्धा गराई निर्माण गर्नुपर्ने सरकारी भवनहरुको निर्माण समेत उपभोक्ता समितिबाट गराइएको देखिएकोले ऐन र नियमावलीका प्रावधानहरु अक्षरश पालना गर्ने तर्फ आवश्यक कदम उठाउने ।

ख. च.नं. ७८७७४ मिति २०८१/०३/३१ नदीजन्य पदार्थ उत्खनन् एंव संकलन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी सुझाव कार्यान्वयन गर्ने ।

४. भगवतीमाई गाउँपालिका कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत गर्ने ।

५. भगवतीमाई गाउँपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८१ छलफल गरियो र आगामी बैठकबाट कार्यविधि माथि दफावार छलफल गरी स्वीकृत गर्ने र हाललाई यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी शिक्षक विद्यार्थीको विवरण लगायत अन्य शैक्षिक एंव भौतिक विषयमा अध्ययन तथा प्रतिवेदनको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने र कार्यदलको कार्यविवरण, कार्य जिम्मेवारी तथा अध्ययन तथा प्रतिवेदन समयावधि शिक्षा, युवा तथा खेलकूद विकास शाखाबाट तोकिए बमोजिम हुने ।

<u>तपसिलः</u>

| क्र.सं. | नामथर | पद | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | तेजबहादुर खड्का | स्रोत विज्ञ | भगवतीमाई गाउँपालिका, दैलेख | - संयोजक |
| २. | कमलप्रसाद अधिकारी | शिक्षक | ज्वाला मा.वि. वेस्तडा | - सदस्य |
| ३. | जयबहादुर नेपाली | शिक्षक | ज्वाला मा.वि. वेस्तडा | - सदस्य |
| ४. | भरत के.सी. | शिक्षक | भगवती मा.वि. तुर्सु | - सदस्य |

६. यस गाउँपालिकामा दरबन्दी रही देहायका अन्य स्थानीय तहमा कामकाजमा खटिएका निम्न कर्मचारीलाई सम्बन्धित स्थानीय तहमा पदस्थापनको लागि सहमति प्रदान गर्ने ।

<u>तपसिलः</u>

| क्र. सं. | नामथर | क.सं.नं. | पद | तह | सेवा | समूह | कामकाजमा खटिएको |
|---|---|---|---|---|---|---|---|
| १. | लिलबहादुर बुढा | २२९५८८ | सि.अ.हे.व. | पाँचौ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | डुङ्गेश्वर गाउँपालिका, दैलेख । |
| २. | कल्पना शाही | २२०४५० | सि.अ.न.मी. | पाँचौ | स्वास्थ्य | कम्यूनिटी नर्सिङ्ग /पब्लिक हेल्थ नर्सिङ | डुङ्गेश्वर गाउँपालिका, दैलेख । |

७. कर्णाली प्रदेश सरकार, सशर्त अनुदानबाट प्राप्त सरस्वती आधारभूत विद्यालय भौतिक संरचना निर्माण कार्यबाट २ कोठे भवन निर्माण गर्ने र सो भवन निर्माणको लागि अपुग रकम आगामी आर्थिक वर्षमा स्रोत सुनिश्चितता गर्ने ।

८. गाउँपालिकाको सभाहल निर्माण कार्यमा अपुग रकम सुनिश्चितता आगामी गाउँसभा अधिवेशनबाट गर्ने ।

९. मर्मत सम्भार कोषको लागि अपुग रकम सुनिश्चितता आगामी गाउँसभा अधिवेशनबाट गर्ने ।

१०. यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत करार सेवामा कार्यरत देहायका कर्मचारीको करार अवधि २०८२ अषाढ मसान्तसम्म थप गर्ने ।

<u>तपसिल</u>

| क्र.सं. | विवरण | अवधि |
|---|---|---|
| १. | आधारभूत अस्पताल/स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत स्वास्थ्यकर्मी सबै | २०८२ अषाढ मसान्त |
| २. | प्राविधिक शाखाका करार कर्मचारी सबै | २०८२ अषाढ मसान्त |
| ३. | उद्यम विकास सहजकर्ता श्री भगवतीकुमारी खत्री | २०८२ अषाढ मसान्त |
| ४. | सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यक्रम कर्मचारी | २०८२ अषाढ मसान्त |
| ५. | प्रशासन सहायक अस्थायी — २ जना | २०८२ अषाढ मसान्त |
| ६. | पोषण स्वयंमसेवक/गरिबसँग विश्वेश्वर कार्यक्रम सहजकर्ता | २०८२ अषाढ मसान्त |
| ७. | सहायक कम्प्युटर अपरेटर | २०८२ अषाढ मसान्त |
| ८. | खेलकुद विकास समितिका भलिबल प्रशिक्षक र खेलकुद सहजकर्ता | २०८२ अषाढ मसान्त |

साथै खेलकूद विकास समितिका भलिबल प्रशिक्षक र खेलकुद सहजकर्ताको प्रमुख प्रशासकीय अधिकृतबाट २०८१ श्रावण १ देखि २०८१ पौषमसान्तसम्म भएको करार म्याद थप अनुमोदन गर्ने र भलिबल प्रशिक्षक र खेलकुद सहजकर्तालाई गाउँ कार्यपालिकाको कार्यालयमा हाजिर गराई शिक्षा, युवा तथा खेलकुद शाखाको काममा समेत परिचालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

११. यस भगवतीमाई गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको देहाय बमोजिम सेवा सुविधा सम्बन्धमा छलफल तथा निर्णय गर्ने ।

| क्र.सं. | विवरण | व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | ईन्धन | प्रशासनिक/अन्य प्राविधिक कर्मचारी :: १० लिटर<br>प्राविधिक कर्मचारी (ईन्जिनियरिङ्ग सेवा): १५ लिटर | |
| २. | सवारी साधन मर्मत | प्रशासनिक/अन्य प्राविधिक कर्मचारी : १०,०००। वार्षिक<br>प्राविधिक कर्मचारी (ईन्जिनियरिङ्ग) : १५,०००। वार्षिक | |
| ३. | प्रोत्साहन खर्च | ईन्जिनियर : मासिक १२,०००।<br>सब/अ. सब ईन्जिनियर : मासिक ९,०००।<br>गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत र दुई वा सो भन्दा बढी वडामा फिल्ड जिम्मेवारी भएका प्राविधिकलाई मासिक फिल्ड प्रतिवेदन आधारमा प्रोत्साहन खर्च दिने । | |
| ४. | प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको प्रोत्साहन खर्च सम्बन्धमा आगामी बैठकमा छलफल तथा निर्णय गर्ने । | | |

१२. यस गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशन मिति २०८१ माघ दोस्रो हप्ताभित्र आह्वान गर्ने ।

१३. यस कार्यालय अन्तर्गत भगवतीमाई आधारभूत अस्पतालको लागि आ.व. २०८०/०८१ मा खरिद भएको औषधी तथा मेडिकल उपकरण खरिद वापतको रकम स्रोत अभावको कारण भुक्तानी बाँकी रहेको हुँदा चालु आ.व. २०८१/०८२ लागि भगवतीमाई आधारभूत अस्पताल बजेट उपशीर्षक ८०६६७५०५३०५मा रु. १६,००,०००।विनियोजन मध्येबाट भुक्तानी दिने ।

१४. यस गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको आ.व. २०८१/०८२ को मंसिर र पौष महिनाको मासिक प्रतिवेदन माथि छलफल गरी पृष्ठपोषण प्रदान गरियो ।

१५. यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका सरकारी तथा सार्वजनिक निकायहरुबाट सञ्चालित कार्यक्रम, सेवाप्रवाहको अवस्था, गुनासो सुनुवाई लगायत अन्य विविध विषयमा छलफल भई बैठक समापन गरियो ।

**भिन्न मत**

| क.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |